नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७।०५।१९ कोमा. मन्त्रीस्तरीय निर्णयानुसार स्वीकृत

# विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार

# <u>विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७</u>

**<u>प्रस्तावना</u>**ः कोभिड-१९ सङ्क्रामक रोगको कारण अवरुद्ध रहेको विद्यालयको नियमित पठन पाठन सुचारु गर्न शैक्षिक सत्रको अवधिलाई हृदयङ्गम गरी राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्दिष्ट गरेका सिकाइ उपलब्धिहरू हासिल गर्न र विद्यालय उमेरका बालबालिकालाई आफ्नो परिवेश अनुकूल सिक्ने वातावरण सृजना गरी सिकाइमा सहजीकरण गर्न दूर तथा खुला शिक्षा लगायतका प्रणालीलाई तत्कालका लागि सिकाइ सहजीकरणको मूल प्रणालीका रूपमा अवलम्बन गरी शिक्षण सिकाइ कार्यलाई निरन्तर, प्रभावकारी र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९क. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो निर्देशिका बनाई लागू गरेको छ ।

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस निर्देशिकाको नाम “विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७” रहेको छ ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) “केन्द्र” भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(ख) “प्रविधि” भन्नाले शिक्षण सिकाइको लागि प्रयोगमा आउने रेडियो, एफएम रेडियो, टेलिभिजन, अनलाइन तथा अफलाइनका माध्यम सम्झनु पर्छ ।

(ग) “मन्त्रालय” भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(घ) “विद्यार्थी” भन्नाले विद्यालयमा औपचारिक, अनौपचारिक रूपमा अध्ययनरत वा विद्यालय जाने उमेरका विद्यालयबाहिर रहेका बालबालिका सम्झनु पर्छ ।

(ङ) “विद्यालय” भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भएको सामुदायिक र संस्थागत विद्यालय वा सार्वजनिक र निजी लगानीका विद्यालय सम्झनु पर्छ र सो शब्दले परम्परागत विद्यालयलाई समेत जनाउँछ ।

(च) “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

(छ) "सिकाइ सहजीकरण प्रणाली" भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको महामारी वा विपद् जस्ता कारणले नियमित पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफएम रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना कार्यहरू, स्व-अध्ययन, दूर तथा खुला शिक्षा लगायतका वैकल्पिक माध्यम वा पद्धति वा प्रत्यक्ष साक्षात्कार माध्यमबाट अध्ययन, अध्यापन सुचारु राख्ने विधि र प्रक्रिया सम्झनु पर्छ ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिकालाई समेत जनाउँछ।

(झ) "स्वयम्सेवक" भन्नाले विद्यार्थीको सिकाइलाई सहजीकरण गर्ने कार्यमा समुदायमा रही स्वेच्छिक रूपमा योगदान गर्ने स्थानीय तह वा विद्यालयले तोकेको व्यक्ति सम्झनु पर्छ ।

३. <u>विद्यार्थी पहिचान, अभिलेखीकरण तथा वर्गीकरण</u>ः (१) स्थानीय तह तथा विद्यालयले स्रोत साधनमा पहुँचको अवस्थाका आधारमा विद्यार्थीको पहिचान गरी वर्गीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यार्थी वर्गीकरण गर्दा देहायको समूहमा वर्गीकरण गर्नु पर्नेछः-

(क) सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी समूह,

(ख) रेडियो, एफएम रेडियोमा पहुँच भएका विद्यार्थी समूह,

(ग) टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूह,

(घ) कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटी नभएका विद्यार्थी समूह,

(ङ) इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूह ।

(३) उपदफा (२) बमोजिमको समूह वर्गीकरणमा राख्न नसकिने प्रकृतिका विशेष आवश्यकता भएका (अपाङ्गता भएका) विद्यार्थीका लागि सम्बन्धित स्थानीय तह र विद्यालयले आवश्यकताको प्रकृति अनुसार पहुँच योग्य ढाँचामा छुट्टै सिकाइ सहजीकरणको व्यवस्था गर्नु पर्नेछ ।

(४) सिकाइ सहजीकरण प्रणालीबाट सिकाइमा सहजीकरण गर्दा राष्ट्रिय पाठ्यक्रम प्रारूप बमोजिमका सामग्रीहरू प्रयोग गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम समूहगत विद्यार्थी पहिचान तथा वर्गीकरण गर्ने प्रयोजनका लागि विद्यालयले चालु शैक्षिक सत्रमा विद्यार्थीको अभिलेख तयार गरी सो अभिलेख बमोजिम विद्यार्थीको नामनामेसी, आमा, बाबुको नाम, ठेगाना, सम्पर्क नं., विद्यार्थीको समूहकृत वर्ग र स्रोत साधनको पहुँचको अवस्था समेतको विवरण खुलाई सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम विद्यार्थीको विवरण उपलब्ध गराउन नसकिने अवस्था भएमा अघिल्लो शैक्षिक सत्रको विद्यालयको अभिलेखको आधारमा चालु शैक्षिक सत्रमा विभिन्न माध्यमबाट गरिएको विद्यार्थीको अभिलेख तयार गरी कक्षागत विवरण उपलब्ध गराउनु पर्नेछ ।

(७) उपदफा (५) र (६) बमोजिम प्राप्त विवरण समेतका आधारमा स्थानीय तहले विभिन्न विद्यालयमा अध्ययनरत, विद्यालय बाहिर रहेका, अन्य स्थानमा अध्ययन गरिरहेका तर कोभिड-१९ लगायतका महामारी एवम् विपद्का कारण स्थानीय तहको क्षेत्रभित्र बसिरहेका, विद्यालयबाट स्थानान्तरण वा बसाइ सरी आएका प्रारम्भिक बाल विकासदेखि विद्यालय जाने उमेरका सबै बालबालिकाको विवरण तयार गरी उपदफा (२) बमोजिम समूहगत रूपमा वर्गीकरण गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम समूहगत रूपमा वर्गीकरण गरिएका विद्यार्थीहरूलाई सिकाइमा सहज हुने अवस्था विश्लेषण गरी विद्यालयले आफ्नो सेवा क्षेत्रभित्रका सबै बालबालिकाको सिकाइ सहजीकरण गर्ने कार्ययोजना तयार गरी स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

४. **<u>कार्यक्रम सञ्चालन प्रक्रिया</u>**ः (१) दफा ३ को उपदफा (८) बमोजिम विद्यालयबाट प्राप्त कार्ययोजनाको संयोजन गरी स्थानीय तहले आफ्नो क्षेत्रभित्र विद्यालयगत, क्षेत्रगत, वडागत, समुदायगत वा कक्षागत रूपमा सहज र प्रभावकारी रूपमा सिकाइ सहजीकरण सञ्चालन हुने गरी कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्ययोजना स्वीकृत गर्दा बसाइ सराई वा विद्यालय स्थानान्तरण वा अन्य कारणले थप भएका बालबालिकाको संख्या तथा तिनको अभिलेखीकरण तथा सिकाइ सहजीकरणको समेत व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्वीकृत कार्ययोजनाका आधारमा विद्यालयले समूहगत वा वैयक्तिक रूपमा निर्धारित साधन, विधि तथा प्रक्रिया अपनाई सिकाइमा सहजीकरण गर्नु पर्नेछ ।

(४) विद्यालयले शैक्षिक सत्र पूरा हुने अवधि समेतलाई ध्यानमा राखी पाठ्यक्रम कार्यान्वयन गर्न सिकाइ क्रियाकलाप सम्बन्धी उपयुक्त ढाँचा, तरिका वा शिक्षण विधिहरू अवलम्बन गर्न सक्नेछ ।

(५) सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गर्दा विद्यालयले साप्ताहिक वा मासिक समय तालिका तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम स्वीकृत कार्ययोजनाका आधारमा विद्यार्थीहरूको सिकाइ सहजीकरण गर्ने मूल जिम्मेवारी विद्यालयले तोकेको शिक्षकको हुनेछ ।

(७) उपदफा (१) बमोजिम सिकाइ सहजीकरण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालनका लागि विद्यालयले समूहगत रूपमा शिक्षक वा विद्यालय कर्मचारी वा स्वयम्सेवकलाई संयोजन गर्ने जिम्मेवारी दिनु पर्नेछ ।

(८) स्थानीय तह वा विद्यालयले सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गर्दा आवश्यकता अनुसार सोही समुदायमा क्रियाशील सङ्घ संस्था वा व्यक्तिको सहयोग लिन वा परिचालन गर्न सक्नेछ ।

(९) प्रधानाध्यापकले विद्यार्थी अभिलेखको आधारमा शैक्षिक तथ्याङ्क विद्यालय तहको विद्युतीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको फायलमा प्रवृष्टि गर्नु पर्नेछ ।

(१०) कक्षा, विषय वा स्थानका आधारमा समूहकृत गरी विद्यार्थीको सहजीकरणका लागि विद्यालयले समूहगत रूपमा शिक्षकलाई जिम्मेवारी तोक्नु पर्नेछ ।

(११) शिक्षकले तोकेको जिम्मेवारी अनुरुप आफूले सम्पादन गरेको सिकाइ सहजीकरण सम्बन्धी कार्यको साप्ताहिक कार्य प्रगति प्रधानाध्यापक समक्ष अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

(१२) प्रधानाध्यापकले उपदफा (११) बमोजिम प्राप्त कार्य प्रगति सहित समग्र विद्यालयको सिकाइ सहजीकरण सम्बन्धी कार्यको मासिक कार्य प्रगति विद्यालय व्यवस्थापन समितिमा समीक्षा गराई स्थानीय तहको शिक्षा हेर्ने कार्यालयमा पेश गर्नु पर्नेछ ।

(१३) उपदफा (१) बमोजिम स्वीकृत कार्ययोजनाका आधारमा विद्यार्थीको सिकाइ सहजीकरण भए, नभएको सम्बन्धमा स्थानीय तहले नियमित अनुगमन गरी आवश्यक सहजीकरण तथा सुधारात्मक उपायहरू अवलम्बन गराउनु पर्नेछ ।

५. <u>समूहगत सिकाइ कार्यक्रमसम्बन्धी व्यवस्था</u>ः दफा ३ को उपदफा (२) बमोजिम वर्गीकृत विद्यार्थीको समूहलाई देहाय बमोजिमको लक्षित कार्यक्रम सञ्चालन गरी सिकाइ सहजीकरण गर्नु पर्नेछः-

**(क) सबै किसिमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी समूहका लागिः**

(१) सबै विद्यार्थीहरूलाई चालु शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षा यकीन गरी सोको अभिलेख राखी पाठ्यपुस्तक उपलब्ध गराउने,

(२) केन्द्रबाट स्व-अध्ययन वा सामग्रीको विद्युतीय प्रति तयार गरी वेबसाइटमा राख्ने, प्रदेश र स्थानीय तहले समन्वय गरी त्यस्ता सामग्री छपाइ गरी विद्यालयलाई उपलब्ध गराउने र स्थानीय तहले अभ्यास पुस्तिकाहरू छपाई गरी वितरण गर्ने,

(३) प्रदेश, स्थानीय तह वा विद्यालयबाट अभ्यास पुस्तिका वा अन्य शैक्षिक सामग्री विकास तथा छपाई गरी विद्यार्थीलाई सहज रुपमा उपलब्ध गराउने,

(४) समुदायमा रहेका वा रहने सिकाइ केन्द्र वा विद्यालयमा एक आपसमा भौतिक दुरी कायम गरी बसाइ व्यवस्था मिलाई पाठ्यपुस्तक, स्व-अध्ययन सामग्री वा छपाइका सामग्रीहरू प्रयोग गरी शिक्षक वा स्वयम्सेवक मार्फत सिक्ने, सिकाउने व्यवस्था गर्ने,

(५) स्थानीय समुदायमा रहेका शिक्षक र शिक्षक नभएको अवस्थामा स्थानीय तह वा विद्यालयबाट तोकेका स्वयम्सेवकबाट विद्यार्थीका लागि सिकाइमा प्रत्यक्ष रूपमा सहयोग पुर्‍याउने व्यवस्था गर्ने,

(६) अभिभावक शिक्षाका माध्यमबाट अभिभावकलाई बालबालिकाको सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहित गर्ने ।

**(ख) रेडियो, एफएम रेडियोमा पहुँच भएका विद्यार्थी समूहका लागिः**

(१) सबै विद्यार्थीहरूलाई चालु शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षा यकीन गरी सोको अभिलेख राखी पाठ्यपुस्तक उपलब्ध गराउने,

(२) केन्द्रले तयार पारेका सामग्रीहरू केन्द्रीय रेडियोबाट प्रसारण गर्ने र त्यस्ता सामग्रीहरू स्थानीय एफएम रेडियोहरूलाई निःशुल्क उपलब्ध गराउने,

(३) प्रदेश र स्थानीय तहले शैक्षिक सामग्रीहरू स्थानीय रेडियो एफ.एम. मार्फत निःशुल्क वा न्यूनतम शुल्कमा प्रसारण गर्ने व्यवस्था मिलाउने,

(४) स्थानीय तहले आफ्नो क्षेत्रभित्र उपलब्ध शिक्षक परिचालन गरी सामुदायिक रेडियो पाठ विकास गरी प्रसारण गर्ने व्यवस्था मिलाउने, प्रसारण गर्दा अन्तरक्रियात्मक बनाउन आवश्यक प्रबन्ध गर्ने र विद्यार्थीको निगरानीको जिम्मा समुदायमा बसोबास गरिरहेका शिक्षकलाई दिने,

(५) रेडियोबाट सुन्ने र विद्यार्थीहरूले आफैंले अभ्यास गर्दै सिक्ने व्यवस्थाका लागि स्थानीय समुदायमा बसोबास गरिरहेका शिक्षक र अभिभावकबाट निगरानीको व्यवस्थाका साथै भौतिक दुरी कायम गरी चारदेखि पाँच जनाको समूहमा छलफल गर्ने व्यवस्था मिलाउने,

(६) विद्यार्थीले तयार गरेको लेख रचना र घरमै बसेर गरेको परियोजना कार्यलाई रेडियोमा प्रसारण गर्ने व्यवस्था मिलाउने,

(७) रेडियो प्रसारका साथै सम्भव भएसम्म स्व-अध्ययन सामग्री उपलब्ध गराउने,

(८) केन्द्र, प्रदेश र स्थानीय तहबाट रेडियो र एफएम रेडियोबाट प्रसारण गरिने कक्षागत र विषयगत पाठ सम्बन्धी समय तालिकालाई व्यवस्थित गरी सार्वजनिक गर्ने,

(९) विद्यालयमा सम्भव भएसम्म टोल फ्री नोटिस बोर्ड सर्भिस र बल्क एसएमएस सर्भिसको प्रयोग गर्ने,

(१०) अभिभावक शिक्षाका माध्यमबाट अभिभावकलाई बालबालिकाको सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहित गर्ने ।

**(ग) टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूहका लागि :**

(१) सबै विद्यार्थीहरूलाई चालु शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षा यकीन गरी सोको अभिलेख राखी पाठ्यपुस्तक उपलब्ध गराउने,

(२) केन्द्रले विकास तथा संयोजन गरेका कक्षागत सिकाइ सामग्रीहरू केन्द्रीय टेलिभिजनबाट प्रसारण गर्ने,

(३) केन्द्रबाट तयार भएका र प्रसारण गरिएका सामग्रीहरू निःशुल्क सबै टेलिभिजन च्यानलहरूलाई उपलब्ध गराउने,

(४) प्रदेशले प्रदेश स्तरमा र स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका विज्ञ शिक्षक परिचालन गरी सिकाइ सामग्री विकास गरी टेलिभिजनबाट प्रसारण गर्ने व्यवस्था गर्ने,

(५) टेलिभिजनबाट प्रसारण भएका पाठहरू विद्यार्थीहरूले अध्ययन गरे, नगरेको अनुगमनका साथै पाठ्यवस्तु बुझ्न कठिनाइ भए, नभएको यकीन गरी समुदायमा रहेका शिक्षकहरूबाट सहजीकरण गर्ने व्यवस्था मिलाउने,

(६) केन्द्र, प्रदेश र स्थानीय तहबाट टेलिभिजनबाट प्रसारण गरिने कक्षागत र विषयगत पाठ सम्बन्धी समय तालिकालाई व्यवस्थित गरी सार्वजनिक गर्ने,

(७) अभिभावक शिक्षाका माध्यमबाट अभिभावकलाई बालबालिकाको सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहित गर्ने ।

**(घ) कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटी नभएका विद्यार्थी समूहका लागि:**

(१) सबै विद्यार्थीहरूलाई चालु शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षा यकीन गरी सोको अभिलेख राखी पाठ्यपुस्तक उपलब्ध गराउने,

(२) अनलाइनमा तयार गरिएको सामग्रीको अफलाइन मोडमा (सिडी वा पेन ड्राइभ, हार्डडिस्क आदि) विद्यालय र स्थानीय तह मार्फत विद्यार्थीलाई उपलब्ध गराउने,

(३) निजी बिक्रेताहरूले बजारमा उपलब्ध भएका पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूचीभित्रका शैक्षिक सामग्रीहरू सहुलियत वा छुटमा विद्यार्थीलाई उपलब्ध गराउने,

(४) विद्यार्थीहरूलाई अफलाइन मोडमा उपलब्ध गराइएका सिकाइ सामग्रीहरू प्रयोग गरी अध्ययन गरे, नगरेको अनुगमन गर्नुका साथै पाठ्यवस्तु बुझ्न कठिनाइ भए, नभएको सम्बन्धमा समुदायमा रहेका शिक्षकबाट सहजीकरण गर्ने व्यवस्था मिलाउने,

(५) अभिभावक शिक्षाका माध्यमबाट अभिभावकलाई बालबालिकाको सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहित गर्ने ।

**(ङ) इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूहका लागि:**

(१) सबै विद्यार्थीहरूलाई चालु शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षा यकीन गरी सोको अभिलेख राखी पाठ्यपुस्तक उपलब्ध गराउने,

(२) केन्द्र, प्रदेश र स्थानीय तहले अनलाइन सिकाइ सामग्रीहरू तयारी गरी अनलाइन माध्यममा उपलब्ध गराउने,

(३) राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुकूलका खुला स्रोतमा उपलब्ध अनलाइन सिकाइ सामग्रीहरू प्रयोग गर्न सकिने,

(४) केन्द्र, प्रदेश सरकार, स्थानीय तहबाट उत्पादन भएका सामग्री समेत प्रयोग गरी विद्यालयहरूले अनलाइन पठनपाठन गर्ने,

(५) केन्द्रले अनलाइनमा प्रसारण गरिएका श्रव्य दृश्य सामग्रीहरू लर्निङ पोर्टल वा युट्युबमा अपलोड गर्ने,

(६) पाठ्यक्रम विकास केन्द्रबाट तयार गरिएका र स्वीकृति प्रदान गरिएका विद्यालय तहका सबै कक्षाका पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्री लगायत अन्य श्रव्य दृश्य सामग्रीहरू साइबर सुरक्षा

निर्देशिकाको अधीनमा रही मोबाइल एप्लिकेसन विकास गरी डाउनलोड गर्न सकिने व्यवस्था गर्ने,

(७) विद्यार्थीलाई दिइएका परियोजना कार्य विद्यार्थीले गरे नगरेको अनुगमन गर्ने र अनुगमन कार्यको सहजीकरणको जिम्मेवारी स्थानीय समुदायमा बसोबास गर्ने शिक्षकलाई दिने,

(८) अभिभावक शिक्षाका माध्यमबाट अभिभावकलाई बालबालिकाको सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहित गर्ने ।

६. **<u>विद्यार्थीले आफ्नो रुचि र प्राथमिकता अनुसार अध्ययन गर्न पाउने</u>**: दफा ५ बमोजिमका कार्यक्रमहरूमध्ये एकभन्दा बढी कार्यक्रममा पहुँच हुने विद्यार्थीले आफ्नो रुचि र प्राथमिकता अनुसारको कार्यक्रम छनोट गर्न सक्नेछ ।

७. **<u>प्रारम्भिक बालविकास उमेर समूहको लागि सिकाइ सहजीकरण:</u>** (१) स्थानीय तह र विद्यालयले रेडियो, टेलिभिजन, अनलाइन सामग्री र छपाइ सामग्री प्रयोग गरी प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाका लागि सिकाइ सहजीकरण गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम सिकाइ सहजीकरण गर्दा सहयोगी कार्यकर्ता तथा अभिभावक मार्फत होम स्कुलिङ्गको रूपमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(३) होम स्कुलिङ्ग कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक बालविकास उमेर समूहको बालबालिका भएको प्रत्येक परिवारबाट एक जना अभिभावकलाई सिकाइ सहजकर्ता अभिभावकको रुपमा छनौट गर्ने र त्यसरी छनौट गर्दा सकेसम्म माथिल्लो तह अध्ययन गरेको व्यक्तिलाई छनौट गर्ने,

(ख) सिकाइ सहजकर्ता अभिभावकलाई बालबालिकाले गर्न सक्ने क्रियाकलाप र त्यसका लागि चाहिने सामग्री र सहजकर्ताको स्व-अध्ययनको लागि उपलव्ध माध्यम (स्व-अध्ययन पुस्तक, रेडियो, टेलिभिजन, कम्प्युटर वा इन्टरनेट पोर्टल आदि) को बारेमा प्रत्यक्ष भेटेर वा टेलिफोन मार्फत अभिमुखीकरण गर्ने,

(ग) सिकाइ सहजकर्ता अभिभावक छनौट गर्ने र अभिमुखीकरण गर्ने कार्य सम्बन्धित बाल विकास केन्द्रका सहजकर्ता वा प्रधानाध्यापकले तोकेको शिक्षक वा स्वयम्सेवकले गर्ने,

(घ) सिकाइ सहजकर्ता अभिभावकले बालबालिकालाई कार्यतालिका अनुसार विभिन्न क्रियाकलापमा संलग्न गराई उनीहरुलाई समस्या परेको अवस्थामा सहयोग गर्ने,

(ङ) बालविकास केन्द्रका सहजकर्ता वा शिक्षकले बालबालिकाले गरेका क्रियाकलापका बारेमा सिकाइ सहजकर्ता अभिभावक मार्फत जानकारी लिने र अभिलेखीकरण गरी आवश्यक परेको अवस्थामा सहयोग गर्ने ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि होम स्कूलिङ कार्यक्रम सबै कक्षाका विद्यार्थीको लागि सञ्चालन गर्न बाधा पर्ने छैन ।

८. **<u>कार्यक्रम सञ्चालन गर्नका लागि सामग्रीको उपलब्धता</u>**: (१) अनलाइन विद्युतीय सामग्रीहरू केन्द्रको लर्निङ पोर्टल (learning.cehrd.edu.np) र प्रसारण भएका पाठहरू युट्युब च्यानल (www.youtube.com/ncedvirtual) तथा पाठ्यक्रम विकास केन्द्रको इ-पुस्तकालय (www.moecdc.gov.np) मा उपलब्ध हुनेछ र यसको लिङ्क केन्द्रको वेबसाइट (www.doe.gov.np) मा समेत रहनेछ ।

(२) उपदफा (१) बमोजिमका सामग्रीहरू प्रदेशको शिक्षा विकास निर्देशनालायको वेबसाइटमा समेत उपलब्ध हुनेछन् ।

(३) उपदफा (१) र (२) बमोजिम वेबसाइटमा उपलब्ध सामग्रीहरू निःशुल्क डाउनलोड गरी प्रयोग गर्न वा गराउन सकिनेछ ।

(४) वेबसाइटमा थप सिकाइ सामग्रीहरू नियमित रूपमा अपलोड गरिनेछ ।

(५) स्थानीय तह वा विद्यालयमा विकास र प्रयोग भएका सामग्रीहरु स्थानीय तह तथा विद्यालयले आफ्नो वेबसाइटमा अपलोड गर्न सक्नेछन् ।

९. **<u>टेलिभिजनबाट प्रसारण हुने कार्यक्रमको समय तालिका बनाउने</u>**: केन्द्रले टेलिभिजनबाट प्रसारण हुने कार्यक्रमको समय तालिका बनाई नियमित रूपमा केन्द्रको वेबसाइटमा (www.doe.gov.np) मा राख्नु पर्नेछ ।

१०. **<u>पाठ्यवस्तुको समायोजन गर्न सक्ने</u>**: (१) विद्यालयले पाठ्यक्रम विकास केन्द्रले निर्माण गरेको पाठ्यवस्तु समायोजन ढाँचाको आधारमा स्थानीय तहको शिक्षा हेर्ने शाखासँग समन्वय गरी प्रधानाध्यापक, विषय शिक्षक र एक जना विज्ञ रहेको समितिबाट पाठ्यवस्तु समायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समायोजन गर्दा विद्यालयले शैक्षिक सत्रको समयावधिलाई आधार मानी माथिल्लो कक्षामा अध्ययनका लागि आवश्यक हुने पाठ्यवस्तु नछुट्ने गरी विषयगत पाठ्यक्रमले तोकेका न्यूनतम सिकाइ उपलब्धि हासिल हुने गरी कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(३) पाठ्यवस्तु समायोजन र कार्यान्वयन सम्बन्धमा विद्यालयको तह र विषयको प्रकृति हेरी स्थानीय तहले प्रधानाध्यापक, विषय शिक्षक र विज्ञको सहयोगमा पाठ्यवस्तु समायोजन कार्यको संयोजन तथा अन्य आवश्यक कार्यहरू गरी दुई वा सोभन्दा बढी विद्यालयमा कार्यान्वयन गर्न वा गराउन सक्नेछ ।

११. **<u>शिक्षण विधि</u>**: (१) शैक्षिक सत्रको समयावधि तथा माहामारी लगायतका विषम परिस्थितिको अवस्था हेरी विद्यालयले आवश्यकता अनुसार दूर शिक्षा वा प्रत्यक्ष साक्षात्कार माध्यमबाट सिकाइ सहजीकरण गर्दा विभिन्न शिक्षण विधि अवलम्बन गर्न सक्नेछ ।

(२) सिकाइ सहजीकरणका लागि शिक्षक, अभिभावक, परिवारको सदस्य, छिमेकी, माथिल्लो कक्षाका विद्यार्थी, सहपाठी र स्वयंसेवकलाई परिचालन गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गरिएको सिकाइ सहजीकरणलाई सिकाइको कार्य घण्टामा गणना गरिनेछ ।

१२. <u>प्रयोगात्मक तथा परियोजना कार्य सञ्चालन</u>: विद्यालयले महामारीको अवस्था हेरी विषय र प्रयोगात्मक कार्यको अवस्था अनुसार घरमै बसेर गर्न सक्ने गरी प्रयोगात्मक वा परियोजना कार्य गराउन र मूल्याङ्कन गर्न सक्नेछ ।

१३. <u>सिकाइको मूल्याङ्कन, अभिलेखीकरण, नतिजा प्रकाशन र प्रमाणीकरण</u>: (१) विद्यार्थीले वैकल्पिक, दूर शिक्षा वा प्रत्यक्ष साक्षात्कार लगायतका विभिन्न विधि, प्रक्रिया र माध्यमबाट सिकेको सिकाइलाई सम्बन्धित विषय शिक्षकले मूल्याङ्कन, अभिलेखीकरण, नतिजा प्रकाशन र प्रमाणीकरण गर्ने गरी विद्यालयले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्ने प्रयोजनका लागि विद्यालयले विद्यार्थीहरूको कार्यसञ्चयिका बनाई सोको आधारमा मूल्याङ्कन गर्ने पद्धति अवलम्बन गर्न सक्नेछ ।

(३) विद्यालयले विद्यार्थीको मूल्याङ्कनका लागि परियोजना कार्य वा समानान्तर प्रश्नपत्र वा अन्य उपयुक्त विधि र प्रक्रियाहरूको प्रयोग गर्न सक्नेछ ।

(४) विद्यालयले वैकल्पिक प्रणालीद्वारा विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ बमोजिम विद्यार्थीले सिकेका कुराहरूको मूल्याङ्कन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको मूल्याङ्कनको आधारमा विद्यार्थीलाई उपचारात्मक शिक्षण सिकाईको व्यवस्था गर्नु पर्नेछ ।

(६) विद्यालयमा नियमित पठन पाठन सञ्चालन गरिएको अवस्थामा यस निर्देशिका बमोजिम सिकेका विषयवस्तुको समेत मूल्याङ्कन गर्नु पर्नेछ ।

१४. <u>विद्यालय तथा शिक्षकले सिकाइ सामग्री विकास गरी सञ्चालन गर्न सक्ने</u>: (१) दफा ५ मा उल्लिखित कार्यक्रमका अतिरिक्त विद्यालय तथा शिक्षकले विद्यार्थीको आवश्यकता र उपलब्ध प्रविधिका आधारमा सिकाइ सामग्री विकास गरी सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सहजीकरण कार्यक्रम सञ्चालन गर्दा राष्ट्रिय पाठ्यक्रम प्रारूप बमोजिमका सामग्री प्रयोग गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रममा अन्य विद्यालयका विद्यार्थी समेत सहभागी हुन पाउने छन् ।

(४) विद्यालय तथा शिक्षकले सिकाइ सामग्री विकास गरी सञ्चालन गर्न सक्ने अन्य व्यवस्था स्थानीय तहले तोके बमोजिम हुनेछ ।

१५. <u>मन्त्रालयको भूमिका</u>: सिकाइ सहजीकरण प्रणाली सञ्चालन गर्ने सम्बन्धमा मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) अन्तरमन्त्रालय तथा निकायहरू र सङ्घ, प्रदेश र स्थानीय तहबाट सम्पादन हुने कामको समन्वय गर्ने,

(ख) नेपाल टेलिकम लगायत इन्टरनेट सेवा प्रदायक संस्थाबाट शैक्षिक प्रयोजनका लागि मात्र हुने गरी निःशुल्क वा सहुलियत शुल्कमा डाटा प्याकेज प्राप्त गरी विद्यालय तथा विद्यार्थीलाई निःशुल्क उपलब्ध गराउने,

(ग) एकीकृत शिक्षा पोर्टलको निर्माण तथा सञ्चालन, शैक्षिक टेलिभिजन च्यानल स्थापना र सञ्चालन, विद्युतीय शिक्षण सामग्री विकास, अनलाइन प्रविधि तथा उपकरण, विद्युतको वैकल्पिक व्यवस्था, भर्चुअल ल्याब, ई-क्लाउड प्रयोगशाला र इ-लाइब्रेरी स्थापना, खरिद तथा सञ्चालनका लागि आवश्यक बजेट व्यवस्थापन सम्बन्धी कार्यहरू गर्ने,

(घ) विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने ।

१६. <u>केन्द्रको भूमिका</u>: सिकाइ सहजीकरण प्रणाली सञ्चालन गर्ने सम्बन्धमा केन्द्रको भूमिका देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रियस्तरमा एकीकृत शिक्षा ई-लर्निङ पोर्टलको निर्माण गरी शैक्षिक सामग्रीहरू सर्वसुलभ रूपमा लिन सक्ने गरी विकास गर्ने,

(ख) ई-लर्निङ पोर्टलमा भएका र विकास गरिएका सामग्रीहरूलाई सिडी, पेनड्राइभ, हार्डडिस्क, सिस्टम जस्ता अफलाइन मोडमा रूपान्तरण गरी विद्युतीय प्रति उपलब्ध गराउने,

(ग) दफा ३ को उपदफा (२) बमोजिमका सबै वर्गका विद्यार्थीका लागि उपयोग गर्न मिल्ने डिजिटल र छापा सामग्री तयार गर्ने र सो प्रयोजनका लागि सम्बद्ध निकाय र सङ्घ संस्थाहरूसँग समन्वय र सहजीकरण गर्ने,

(घ) सबै किसिमका सिकाइ सामग्रीहरूको विषयवस्तुको गुणस्तर कायम गर्न आवश्यक कार्य गर्ने, गराउने,

(ङ) विभिन्न सङ्घ संस्था तथा व्यक्तिहरूले निर्माण गरेका डिजिटल सामग्री, खुला स्रोतमा उपलब्ध शैक्षिक सामग्री, व्यवसायिक रूपमा तयार भएका र बजारमा उपलब्ध सामग्रीहरूको सूची तयार गरी अद्यावधिक गर्ने र आवश्यकता अनुसार सामग्रीहरू खरिद गरी वितरण गर्ने,

(च) सिकाइ सहजीकरण कार्यक्रमका लागि बजेटको व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(छ) सिकाइ सामग्री निर्माणका लागि सङ्घ, प्रदेश र स्थानीय तह बीच संयोजन गर्ने,

(ज) सिकाइ व्यवस्थापन प्रणाली, कन्फरेन्स साधन, डिजिटल विषयवस्तु, परीक्षा र मूल्याङ्कनका न्यूनतम् मापदण्ड निर्धारण सम्बन्धी कार्य गर्ने ।

(झ) सिकाइ सहजीकरण प्रणाली सञ्चालन गर्ने सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाइ मार्फत देहायका कार्यहरू गर्ने, गराउने:-

(१) सिकाइ सहजीकरण कार्यक्रम कार्यान्वयनमा प्राविधिक सहजीकरण,

(२) विद्यालय तहको विद्युतीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको फायलमा प्रवृष्टि,

(३) सिकाइ सहजीकरण कार्यक्रम बारे जिल्लाको अवस्था विश्लेषण गरी केन्द्रमा नियमित प्रतिवेदन पेश गर्ने ।

१७. <u>पाठ्यक्रम विकास केन्द्रको भूमिका</u>: सिकाइ सहजीकरण प्रणाली सञ्चालन गर्ने सम्बन्धमा पाठ्यक्रम विकास केन्द्रको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) पाठ्यवस्तु समायोजन प्रयोजनका लागि कार्य ढाँचा विकास गर्ने,

(ख) कक्षागत तथा विषयगत डिजिटल सिकाइ सामग्रीको निर्माण र वितरण गर्ने,

(ग) नयाँ पाठ्यक्रम कार्यान्वयनका लागि पाठ्यक्रमको अनलाइन अभिमुखीकरण गर्ने,

(घ) शिक्षक तालिमका लागि केन्द्रसँग समन्वय गरी प्याकेज निर्माण तथा अनलाइन तालिममा सहजीकरण गर्ने,

(ङ) पाठ्यक्रमको कार्यान्वयनमा विद्यालयलाई प्राविधिक सहजीकरण गर्ने,

(च) डिजिटल शिक्षक स्रोत सामग्री तयारी गरी उपलब्ध गराउने,

(छ) शिक्षक निर्देशिका निर्माण गरी उपलव्ध गराउने,

(ज) डिजिटल लगायतका शैक्षिक सामग्री निर्माणमा स्थानीय तहलाई आवश्यकताका आधारमा प्राविधिक सहयोग उपलव्ध गराउने,

(झ) शिक्षा विकास तथा समन्वय इकाइ मार्फत आवश्यक प्राविधिक सहजीकरण कार्यहरु गर्ने, गराउने

१८. <u>प्रदेशको भूमिका</u>: सिकाइ सहजीकरण प्रणाली सञ्चालन गर्ने सम्बन्धमा प्रदेशको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) केन्द्रको ई-लर्निङ पोर्टलमा भएका सामग्रीहरू प्रदेश स्तरमा टेलिभिजन तथा रेडियोबाट प्रसारण गर्ने व्यवस्था मिलाउने,

(ख) स्थानीय तहबाट भएका काममा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ग) शिक्षा विकास निर्देशनालय मार्फत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक सहजीकरण गर्ने, गराउने,

(घ) प्रदेशको शिक्षा तालिम केन्द्र मार्फत शिक्षकको क्षमता विकास, मनोपरामर्श, शिक्षक र सिकाई सहजकर्ता अभिभावकको लागि होम स्कुलिङ कार्यक्रम सञ्चालनको बारेमा प्रशिक्षित गर्ने,

(ङ) राष्ट्रिय पाठ्यक्रम प्रारूप बमोजिम प्रदेशस्तरमा रेडियो, टेलिभिजन र अनलाइनका कार्यक्रमहरु उत्पादन गरी प्रसारण गर्ने, गराउने,

(च) प्रदेशबाट उत्पादन तथा प्रसारण भएका सामग्रीहरू प्रदेश सामाजिक विकास मन्त्रालय र शिक्षा विकास निर्देशनालयको वेबसाइटमा राख्ने र त्यसलाई केन्द्रको लर्निङ प्रोटलसँग लिङ्क गर्ने,

(छ) अनलाइनका लागि तयार गरिएका सामग्रीहरूलाई सिडी वा पेनड्राइभ, हार्ड डिस्क, सिस्टम जस्ता अफलाइन मोडमा रूपान्तरण गरी स्थानीय तह मार्फत वा सोझै विद्यालयले प्रयोग गर्ने व्यवस्था मिलाउने,

(ज) केन्द्रबाट उत्पादन भएका र प्रदेश तहबाट अफलाइन मोडमा तयार गरिएका सामग्रीहरूलाई पुस्तक वा अभ्यास पुस्तिकाका रूपमा छपाइ गरी स्थानीय तह वा विद्यालयलाई उपलब्ध गराउने,

(झ) प्रदेशभित्र सञ्चालन भएका शिक्षण सिकाइका कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गरी आवश्यकता अनुसार सहयोग गर्ने ।

१९. <u>स्थानीय तहको भूमिका</u>: सिकाइ सहजीकरण प्रणाली सञ्चालन गर्ने सम्बन्धमा स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछः-

(क) दफा ३ बमोजिम स्थानीय तहमा रहेका विद्यार्थीहरूको पहिचान तथा वर्गीकरण सम्बन्धी कार्य गर्ने, गराउने,

(ख) आवश्यकतानुसार सिकाइ केन्द्रहरू स्थापना र सञ्चालनमा सहजीकरण गर्ने,

(ग) शिक्षकलाई सिकाइ सहजकर्ता तथा मूल्याङ्कनकर्ताको रूपमा परिचालन गर्ने र सोको अनुगमन गर्ने, गराउने,

(घ) रेडियो, टेलिभिजन, अनलाइन तथा अफलाइनबाट स्थानीय शिक्षक तथा विद्यार्थीको सहभागितामा सिकाइ सहजीकरण कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने, गराउने र आवश्यकता अनुसार स्थानीय भाषामा समेत सामग्री उत्पादन गरी वितरण तथा प्रसारणको व्यवस्था मिलाउने,

(ङ) डिजिटल वा दूर शिक्षण सामग्री प्रयोग र कोभिड-१९ वा यस्तै प्रकारको विपद् सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने,

(च) स्थानीय रूपमा बसोबास गरिरहेका शिक्षक तथा स्वयम्सेवकहरूलाई सहजकर्ताको रूपमा परिचालन गर्ने, गराउने,

(छ) केन्द्र, प्रदेश र स्थानीय तहले विकास गरेका र अनलाइन तथा अफलाइनमा उपलब्ध सामग्रीहरूलाई पुस्तक वा अभ्यास पुस्तिकाका रूपमा छपाइ गरी विद्यालयलाई उपलब्ध गराउने,

(ज) आवश्यकता अनुसार पुराना पाठ्यपुस्तकको प्रयोग गर्ने व्यवस्था मिलाउने,

(झ) विद्यार्थीलाई घरमा पाठ्यपुस्तक उपलब्ध गराउन आवश्यक सहजीकरण गर्ने,

(ञ) दफा ३ को उपदफा (२) को खण्ड (क) बमोजिमको वर्गीकृत समूहका लागि सिकाइमा सहयोग गर्ने सहायताका कार्यक्रम वडाबाट सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(ट) अनलाइन र अफलाइन मोडमा सिकाइ सहजीकरण कार्यक्रम सञ्चालन गर्न शिक्षकको क्षमता विकास सम्बन्धी छोटो अवधिका तालिम कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ठ) भौतिक पूर्वाधार र विद्यार्थी सङ्ख्याका आधारमा भौतिक दुरी कायम राखी कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने,

(ड) सङ्घ संस्थाको सहकार्यमा विभिन्न माध्यमको उपयोग गरी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ढ) पाठ्यवस्तु समायोजन र कार्यान्वयन सम्बन्धमा आवश्यक संयोजन तथा अन्य आवश्यक कार्यहरू गर्ने, गराउने,

(ण) सिकाइ सहजीकरण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भए नभएको अनुगमन गरी आवश्यक सहजीकरण तथा सुधारात्मक उपायहरू अवलम्बन गर्ने,

(त) सिकाइ सहजीकरणमा अभिभावकहरुको भूमिका सम्बन्धी अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने,

(थ) सुविधाविहीन र अपाङ्गता भएका विद्यार्थीलाई स्थानीय सरकार मार्फत विशेष वस्तुगत सहायताको प्रवन्ध गर्ने ।

२०. <u>सञ्चार क्षेत्र, प्रकाशन तथा प्रसारण संस्थाको भूमिका</u>: सिकाइ सहजीकरण प्रणाली सञ्चालन गर्ने सम्बन्धमा सञ्चार क्षेत्र, प्रकाशन तथा प्रसारण संस्थाको भूमिका देहाय बमोजिम हुनेछः-

(क) सिकाइ सहजीकरण सामग्रीहरू निःशुल्क वा सहुलियत शुल्कमा प्रकाशन तथा प्रसारण गर्ने, गराउने,

(ख) विभिन्न प्रकारका शैक्षिक र सचेतनामूलक कार्यक्रमहरूलाई आ-आफ्नो सञ्चार माध्यममा प्रकाशन तथा प्रसारणका लागि प्राथमिकता दिने,

(ग) टेलिभिजन, रेडियो तथा एफएम रेडियोबाट शिक्षा च्यानल र शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(घ) उपखण्ड (ग) बमोजिमको शिक्षा च्यानल र शिक्षा सम्बन्धी कार्यक्रमलाई राष्ट्रिय र स्थानीय स्तरका टेलिभिजन, रेडियो तथा एफएम रेडियोबाट निःशुल्क रूपमा प्रसारणको व्यवस्था गर्ने, गराउने ।

२१. <u>निजी क्षेत्रको भूमिका</u>: सिकाइ सहजीकरण प्रणाली सञ्चालन गर्ने सम्बन्धमा निजी क्षेत्रको भूमिका देहाय बमोजिम हुन सक्नेछः-

(क) आफूले विकास गरेका शैक्षिक सामग्री जस्तैः भिडियो लेसन, सिकाइ सामग्री, पुस्तक, जर्नल आदिको आफ्नो चिनारी सहित प्रकाशन वा प्रसारण गर्न र निःशुल्क रूपमा वितरणको व्यवस्था गर्ने, गराउने,

(ख) सङ्घ, प्रदेश वा स्थानीय तहलाई सिकाइ सहजीकरण प्रणालीको व्यवस्थापन गर्न सहयोग गर्ने।

२२. <u>विद्यालय व्यवस्थापन समिति तथा विद्यालयको भूमिका</u>: सिकाइ सहजीकरण प्रणाली सञ्चालन गर्ने सम्बन्धमा विद्यालय व्यवस्थापन समिति तथा विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) दफा ३ बमोजिम आफ्नो सेवा क्षेत्रमा रहेका विद्यार्थीहरूको पहिचान, अभिलेख तयारी, नक्शाङ्कन तथा वर्गीकरण सम्बन्धी कार्य गर्ने, गराउने,

(ख) विद्यालयको शैक्षणिक योजना तयार गरी कार्यान्वयन गर्ने,

(ग) विद्यालयको वार्षिक कार्ययोजना तर्जुमा गर्ने र सो कार्ययोजनाको आधारमा शिक्षकलाई आफ्नो कार्ययोजना तयार गर्न लगाई कार्यान्वयन गर्ने, गराउने,

(घ) स्थानीय तहसँग समन्वय गरी आवश्यकतानुसार सिकाइ केन्द्रहरू स्थापना गरी सञ्चालन गर्ने, गराउने,

(ङ) शिक्षकहरूलाई स्थानीय परिवेश अनुसार छापा वा डिजिटल शैक्षिक सामग्री उत्पादन गर्न र रेडियो, टेलिभिजन तथा अनलाइनमा स्रोत शिक्षकको रूपमा काम गर्न प्रोत्साहन गर्ने,

(च) विद्यार्थीहरूको सहभागिता र सिकाइको निगरानी तथा मूल्याङ्कन गर्ने,

(छ) विद्यार्थीका लागि तयार गरिएका विद्युतीय सामग्रीहरू केन्द्रको ई-लर्निङ पोर्टलमा उपलब्ध गराउने,

(ज) खुला स्रोतमा आधारित निःशुल्क उपलब्ध हुने अनलाइन र अफलाइन सिकाइ व्यवस्थापन प्रणालीहरू उपयोग गर्ने, गराउने,

(झ) विद्यालयले आफ्नो सेवा क्षेत्रमा रहेका सबै विद्यार्थीहरूलाई सिक्ने अवसर प्रदान गर्ने,

(ञ) विद्यार्थीलाई घरघरमा पाठ्यपुस्तक उपलब्ध गराई सोको अभिलेख राख्ने,

(ट) शिक्षकको साप्ताहिक कार्य प्रगति प्रतिवेदन समेतका आधारमा मासिक रूपमा सिकाइ सहजीकरण सम्बन्धी प्रतिवेदन सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने कार्यालयमा बुझाउने र सोको आधारमा थप सुधारका लागि आवश्यक उपायहरु पहिचान गरी अवलम्बन गर्ने, गराउने,

(ठ) सिकाइ सहजीकरण शुल्कका विषयमा स्थानीय तहको अनुमति लिने,

(ड) विद्यार्थी अभिलेखीकरण गरी सो अभिलेखको आधारमा विद्यालय तहको विद्युतीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको फायलमा प्रवृष्टि गर्ने,

(ढ) शैक्षिक सत्र पूरा हुने अवधि समेतलाई ध्यानमा राखी पाठ्यक्रम कार्यान्वयन गर्न, गराउन सिकाइ क्रियाकलाप सम्बन्धी उपयुक्त ढाँचा, तरिका वा शिक्षण विधिहरू अवलम्बन गर्ने, गराउने,

(ण) सिकाइ सहजीकरण क्रियाकलापका लागि आवश्यक शैक्षिक सामग्री निर्माण गरी प्रयोग गर्ने, गराउने,

(त) सिकाइ सहजीकरण कार्यक्रममा विद्यार्थी एवम् शिक्षकहरूको प्रभावकारी संलग्नता सुनिश्चित गर्ने,

(थ) महामारीको अवस्था हेरी विषय र प्रयोगात्मक कार्यको अवस्था अनुसार घरमै बसेर गर्न सक्ने गरी प्रयोगात्मक कार्य गराउने र सोको मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने,

(द) विद्यार्थीले सिकाई सहजीकरण प्रणालीको माध्यमबाट सिकेको सिकाइलाई सम्बन्धित विषय शिक्षकले मूल्याङ्कन, अभिलेखीकरण, नतिजा प्रकाशन र प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने,

(ध) विद्यार्थी रहेको स्थान पहिचान गर्ने र सोही बमोजिम सहयोगको कार्यतालिका बनाई कार्यान्वयन गर्ने, गराउने ।

२३. <u>शिक्षकको भूमिका</u>: सिकाइ सहजीकरण प्रणालीको माध्यमबाट सिकाइमा सहजीकरण गर्ने सम्बन्धमा शिक्षकको भूमिका देहाय बमोजिम हुनेछः-

(क) दफा ३ बमोजिम आफ्नो बसोबास क्षेत्रमा रहेका विद्यार्थीहरूको पहिचान तथा वर्गीकरणका लागि स्थानीय तह र विद्यालयलाई विवरण उपलब्ध गराउने,

(ख) समुदायमा स्रोत शिक्षक वा सहजकर्ताको रूपमा काम गर्न नजिकैको विद्यालयमा सम्पर्क राख्ने,

(ग) नयाँ तथा पुराना पाठ्यपुस्तकको प्रयोग गरेर पढ्ने वा सिक्ने, सिकाउने कुरामा सहजीकरण गर्ने,

(घ) समुदायमा रहेका आफूले पढाउने विद्यालय बाहेकका विद्यार्थीहरूको सूची बनाई सहजीकरण गर्ने,

(ङ) आफ्नो बसोबास नजिक रहेको विद्यालयलाई आवश्यकता अनुसार सहयोग गर्ने,

(च) विद्यार्थीहरूलाई सर्वव्यापी रूपमा प्रयोग भएका अनलाइन पद्धति तथा अन्य शिक्षण सिकाइका साधनहरूलाई प्रयोग गर्न प्रोत्साहन गर्ने,

(छ) खुला स्रोतमा आधारित निःशुल्क उपलब्ध हुने अनलाइन र अफलाइन सिकाइ व्यवस्थापन प्रणालीहरू उपयोग गर्ने, गराउने,

(ज) विद्यालयको वार्षिक कार्ययोजनाका आधारमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

(झ) सिकाइ सहजीकरण कार्यक्रममा विद्यार्थीहरूको प्रभावकारी संलग्नता सुनिश्चित गर्ने,

(ञ) शैक्षिक सत्रको अवधिलाई ध्यानमा राखी पाठ्यक्रम कार्यान्वयन गर्न सिकाइ क्रियाकलाप सम्बन्धी उपयुक्त ढाँचा, तरिका वा शिक्षण विधिहरू अवलम्बन गर्ने,

(ट) सिकाइ सहजीकरण क्रियाकलापका लागि आवश्यक अभ्यास पुस्तिका विकास, शैक्षिक सामग्री निर्माण र प्रयोग गर्ने,

(ठ) विद्यार्थीले सिकाइ सहजीकरण प्रणालीको माध्यमबाट सिकेका सिकाईको मूल्याङ्कन गरी नतिजा तयार गर्ने,

(ड) विद्यार्थीहरूको कार्यसञ्चयिका बनाई सोको आधारमा निरन्तर मूल्याङ्कन गर्ने पद्धति अवलम्वन गर्ने,

(ढ) तोकेको जिम्मेवारी अनुरुप आफूले सम्पादन गरेको सिकाइ सहजीकरण सम्बन्धी कार्यको साप्ताहिक कार्य प्रगति प्रधानाध्यापक समक्ष अनिवार्य रूपमा पेश गर्ने,

(ण) सिकाइको क्रममा विद्यार्थीलाई दिइएका परियोजना कार्यहरु विद्यार्थीले गरे, नगरेको यकीन गर्ने र विद्यार्थीलाई परियोजना कार्य गर्दा कुनै कठिनाइ भएमा आवश्यकता अनुसार सहजीकरण गर्ने,

(त) अभिभावकसँग निरन्तर सम्पर्कमा रही विद्यार्थीको सिकाइ सहजीकरण र अनुगमन गर्ने ।

२४. **अभिभावकको भूमिका**: सिकाइ सहजीकरण प्रणालीको माध्यमबाट सिकाइमा सहजीकरण गर्ने सम्बन्धमा अभिभावकको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) आफ्ना बालबालिकालाई जीवनोपयोगी, परम्परागत तथा सामाजिक व्यवहार कुशल सिपहरू सिक्न र सिकाउन उत्प्रेरित गर्ने,

(ख) आफ्ना बालबालिकाहरूको अध्ययन, अध्यापनमा निरन्तर सहयोग गर्ने,

(ग) समुदायमा सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न सक्रिय रहने,

(घ) विद्यार्थीहरूको पहिचान तथा वर्गीकरणका लागि स्थानीय तह र विद्यालयलाई विवरण उपलब्ध गराउने तथा यथासम्भव आफ्नो बालबालिकालाई सिकाइ सामग्री उपलब्ध गराउने र उचित प्रयोगको रेखदेख गर्ने,

(ङ) आफ्ना बालबालिका निरन्तर रूपमा सिकाइ सहजीकरण कार्यक्रममा संलग्न भए, नभएको बारे विद्यालयसँग निरन्तर सम्पर्कमा रही सूचना लिने र दिने ।

२५. **समन्वय तथा अनुगमन समिति**: (१) सिकाइ सहजीकरण प्रणालीको माध्यमबाट सिकाइमा सहजीकरण कार्यक्रमको समन्वय तथा अनुगमन गर्न प्रदेश र स्थानीय तहमा समन्वय तथा अनुगमन समितिहरू रहनेछन् ।

(२) उपदफा (१) बमोजिमको समन्वय तथा अनुगमन समितिको गठन, काम, कर्तव्य र अधिकार र अन्य व्यवस्था सम्बन्धित प्रदेश र स्थानीय तहले तोके बमोजिम हुनेछ ।

२६. **शिक्षकका पेसागत सङ्गठन र विद्यालयका छाता सङ्गठनले कार्यक्रम सञ्चालन गर्न सक्ने**: (१) नेपाल शिक्षक महासङ्घ, विद्यालयका छाता सङ्गठन लगायतका पेसागत सङ्गठनहरूले अनलाइन भिडियो कन्फरेन्स प्रणालीको प्रयोग गरी शिक्षकको क्षमता विकास तथा विद्यार्थीहरूको सिकाइका लागि कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रममा देशभरका इच्छुक शिक्षक तथा विद्यार्थीहरू सहभागी हुन पाउनेछन् ।

(३) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्नु अघि कार्यक्रमको कार्ययोजना केन्द्र, प्रदेशको सामाजिक विकास मन्त्रालय र स्थानीय तहलाई विद्युतीय माध्यमबाट उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त कार्यक्रमको कार्ययोजना केन्द्र, प्रदेशको सामाजिक विकास मन्त्रालय र स्थानीय तहले वेबसाइट तथा आवश्यकता अनुसार सामाजिक सञ्जालको माध्यमबाट सार्वजनिक गर्न सक्नेछ ।

२७. **सङ्घ संस्थासँग सहयोग लिन वा सहकार्य गर्न सकिने**: (१) सूचना तथा प्रविधिसँग सम्बन्धित पेसागत सङ्गठन, विषयगत पेसागत सङ्गठन, शिक्षकका सङ्घ सङ्गठन, शिक्षण सिकाइसँग सम्बन्धित संस्था, सूचना तथा प्रविधि, इन्टरनेट सेवाप्रदायक, शैक्षिक सामग्री विकासमा संलग्न, शिक्षक तालिममा संलग्न सार्वजनिक तथा निजी सङ्घ संस्थासँग सङ्घ, प्रदेश र स्थानीय तहमा आवश्यकता अनुसार सहयोग लिन वा सहकार्य गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका सङ्घ संस्थाको सहयोग वा सहकार्यमा कार्यक्रम सञ्चालन गर्नका लागि सम्बन्धित सङ्घ संस्थाको संलग्नता वा प्रतिनिधित्व हुने गरी सङ्घ, प्रदेश र स्थानीय तहले आवश्यकता अनुसार सञ्जाल निर्माण गर्न सकिनेछ ।

(३) सिकाइ सहजीकरण सिकाइ प्रणाली विकास र कार्यान्वयनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी सङ्घ संस्थाहरूसँग सहकार्य गर्न सकिनेछ ।

२८. **स्रोतमा साझेदारी गर्न सकिने**: सिकाइ सहजीकरण प्रणाली कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तह बीच स्रोतमा साझेदारी तथा सहकार्य गर्न सकिनेछ ।

२९. **थप व्यवस्था गर्न सक्ने**: प्रदेश र स्थानीय तहले विद्यार्थीका लागि सिकाइ सहजीकरण प्रणालीको माध्यमबाट सिकाइमा सहजीकरण गर्दा यस निर्देशिका उल्लिखित व्यवस्थाका अतिरिक्त थप व्यवस्था गर्न सक्नेछन् ।

३०. **शुल्क सम्बन्धी व्यवस्था**: विद्यालयले लिन पाउने शुल्क प्रचलित कानूनको अधीनमा रही स्थानीय तहले स्वीकृत गरे बमोजिम हुनेछ ।

३१. **प्रोत्साहन सम्बन्धी व्यवस्था**: (१) यस निर्देशिका बमोजिम उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय तथा शिक्षकलाई प्रदेश र स्थानीय तहले प्रोत्साहन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको विद्यालय वा शिक्षकले अवलम्बन गरेका विधि तथा प्रक्रियाहरूलाई नमूनाका रूपमा देशभर प्रयोग गर्न सकिनेछ ।

(३) उत्कृष्ट शिक्षण सामग्री विकास गरी सिकाई सहजीकरण गर्ने शिक्षकको चिनारी सहित निजले विकास गरेको शिक्षण सामग्री केन्द्र र पाठ्यक्रम विकास केन्द्रको ई-लर्निङ्ग पोर्टलमा राखिनेछ ।

३२. **मापदण्डको पालना गर्नुपर्ने**: यस निर्देशिका बमोजिम सिकाइ सहजीकरण प्रणालीबाट सिकाइमा सहजीकरण गर्दा कोभिड-१९ वा यस्तै प्रकृतिका महामारीको नियन्त्रण र रोकथामका लागि नेपाल सरकार वा नेपाल सरकारद्वारा गठित समितिहरू, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश, स्थानीय तह र स्थानीय प्रशासनबाट निर्धारित सबै मापदण्डको पालना गर्नु पर्नेछ ।

३३. <u>सिकाइ सहजीकरण प्रणाली कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u> (१) कोभिड-१९ सङ्क्रामक रोग वा यस्तै प्रकृतिका विपदबाट सृजना हुने विषम परिस्थितिमा सिकाइ प्रणालीलाई निरन्तरता दिने प्रयोजनका लागि दूर तथा खुला शिक्षा लगायतका पद्धतिलाई सिकाइ सहजीकरणको मूल प्रणालीका रूपमा लागू गर्न सकिनेछ ।

(२) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै क्षेत्र विशेषमा नियमित विद्यालय सञ्चालन हुन सक्ने अवस्था भएमा प्रत्यक्ष शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न बाधा पर्ने छैन ।

(३) विद्यालयमा नियमित पठन पाठन हुन सक्ने अवस्थामा यस निर्देशिका बमोजिमको व्यवस्था शिक्षण सिकाईको पूरक प्रणालीका रूपमा लागू गर्न सकिनेछ ।

३४. <u>बाझिएमा अमान्य हुनेः</u> यस निर्देशिकामा उल्लिखित कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म यस निर्देशिकाको व्यवस्था अमान्य हुनेछ।

३५. <u>खारेजी र बचाउः</u> (१) वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ खारेज गरिएको छ ।

(२) वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ बमोजिम भए गरेका काम कारबाही यस निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।